नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाई

Phone:- ०८७-५९४४८८
Mobile:९८५८३६६७८७
Email:-pmamp.piu.dolpa@gmail.com
Web:piudolpa.pmamp.gov.np

प.स.२०८२/०८३
च.नं.

मितिः २०८२/०४/०८

## मौजुदा सूचीमा दर्ता गर्ने सम्बन्धी सूचना

प्रकाशित मिति २०२८२/०४/०८
सूचना नं.१

यस राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमको लागि आ.व.२०८२/०८३मा आवश्यक पर्ने तपशिल बमोजिमका विभिन्न सामान तथा सेवाहरु आपुर्ति गर्न इच्छुक इजाजत प्राप्त व्यक्ति,फर्म,कम्पनी एवं संस्थाहरुबाट सार्वजनिक खरीद नियमावली २०६४ को नियम १८ अनुसार मौजुदा सूची (Standing List) तयार गर्नु पर्ने भएको हुँदा तपसिलमा उल्लेखित कागजातहरु संलग्न राखी सोही नियमवलीको अनुसूचि २(क) बमोजिमको ढाँचामा निवेदन दर्ता गराउनहुन यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

आवश्यक कार्य तथा सेवाहरुको विवरण

१) मसलन्द तथा कार्यालय सामान आपुर्ति सम्बन्धी कार्य।
२) कम्प्युटर, प्रिन्टर ,फोटोकपि लगाएतका विधुतीय मेशिनरी सामान र पाटपुर्जा आपुर्ति तथा मर्मत सम्बन्धी कार्य।
३) फर्निचर तथा फर्निसिङ्ग आपुर्ति र मर्मत सम्बन्धी कार्य।
४) छपाई ,प्रकाशन,प्रसारण, विज्ञापन सम्बन्धी कार्य।
५) सवारी साधन मर्मत तथा पाटपुर्जा आपुर्ति र मर्मत सम्बन्धी कार्य।
६) पत्रपत्रिकाहरु आपुर्ति कार्य।
७) धारा विजुली सम्बम्धी सामान आपुर्ति र मर्मत सम्बन्धी कार्य।
८) बिउविजन,मल, चुन तथा विषादीहरु आपुर्ति कार्य।
९) कृषि कार्यमा प्रयोग हुने औजार उपकरण तथा सरसामानहरु आपुर्ति कार्य।
१०) खाजा पानी तथा खाद्य सामाग्रीहरु आपुर्ति कार्य।
११) निमार्ण सम्बन्धित कार्यको प्राविधिक परामर्श सेवा।
१२) बिरुवा (स्याउ,ओखर,HDPस्याउ) आपुर्ति कार्य।
१३) प्याकेजिङ्ग लेभलिङ्ग (लेभलिङ्ग स्टिकर,कार्टुन,लोगो निमार्ण आदी) कार्य।

निवेदनसाथ संलग्न गर्नु पर्ने कागजातहरु:

१.संस्था वा फर्म दर्ता र नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी।
२.स्थायी लेखा नम्बर/मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी।
३.आर्थिक वर्ष २०८१/०८२को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी वा २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी र म्याद थपको पत्र।
४.व्यवसायिक इजाजतपत्रको प्रतिलिपी।
५.प्रचलित कानून बमोजिम अयोग्य भएको वा कालोसूचीमा नपरेको व्यहोरा खुलाइएको स्वयं घोषण गरी निवेदन दिनु पर्नेछ।

द्रष्टव्य

माथि उल्लेखित प्रत्येक कार्य तथा सेवाहरुको लागि छुटाछुटौ निवेदन दर्ता गराउनु पर्नेछ। रीत नपुगी आएका निवेदनहरुलाई मान्यता दिइने छैन। प्राप्त निवेदनहरु मौजुदा सुचीमा दर्ता गर्ने वा नगर्ने अधिकार यस कार्यक्रम कार्यान्वयन एकाईमा रहनेछ। निवेदनको ढाँचा यस कार्यक्रम कार्यान्वयन एकाईको https://piudolpa.pmamp.gov.np वेभसाइट बाट डाउनलोड गर्न सकिन्छ।

२०८२/४/०८
जयिन्द्र बहादुर मल्ल
वरिष्ठ कृषि अधिकृत

"आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकिकरण,विशिष्टिकरण र औद्योगिकरण"

CS Scanned with CamScanner